Ethics

एकाइ ६

# दैनिक जीवन र डिजिटल क्षेत्रमा नैतिकता



Supported By:

ASML Foundation

Alternatives 4 children

© Karkhana Samuha, 2025

Unless otherwise stated, this work is licensed under the Creative Commons Attribution-NonCommercial-ShareAlike 4.0 International (CC BY-NC-SA 4.0) license.

https://creativecommons.org/licenses/by-nc-sa/4.0/

CC BY NC SA

# दैनिक जीवन र डिजिटल क्षेत्रमा नैतिकता

## सिकाइका लक्ष्यहरू

यस पाठ एकाइको अन्त्यसम्ममा, विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुनेछन् :

- अफलाइन र अनलाइन दुवैका **नैतिकता (Ethics)** बारे बुझ्न ।
- डिजिटल माध्यममा आफ्नो व्यक्तिगत जानकारी र अनुमति (Consent) जस्ता संवेदनशील विषयमा सही र गलत छुट्याएर निर्णय गर्न ।
- **ETA(Electronic Transaction Act 2008)** र व्यक्तिगत गोपनीयता सम्बन्धी ऐन जस्ता कानुनहरूले नेपालमा नैतिक सिद्धान्तहरूलाई कसरी लागु गर्छन् भन्ने चिन्न ।
- एआईका निर्णयहरूलाई अन्तिम नमानी, मानिस आफैँले सोचेर त्यसलाई बदल्न वा रोक्न सक्ने अधिकार र भूमिकालाई स्पष्ट गर्न ।
- वातावरणीय प्रभाव कम गर्न प्रविधिको **दिगो र सचेत** प्रयोग बारे बुझ्न ।

## नैतिकता (Ethics)

तपाईंले हरेक दिन गर्ने साना-ठूला निर्णयहरूमा जब "के यो उचित छ ?" भनेर विचार गर्नुहुन्छ, त्यहीँबाट नैतिकताको अभ्यास सुरु हुन्छ ।

**नैतिकता** भनेको के सही र के गलत, के निष्पक्ष वा अनुचित, र के राम्रो वा खराब व्यवहार हो भनेर भेद गर्न सक्ने क्षमता हो । यो तपाईंको व्यक्तिगत स्वतन्त्रता र तपाईंको सामाजिक जिम्मेवारीलाई सन्तुलनमा राख्ने आधार हो ।

## प्रभाव परीक्षण (The Impact Test)

कुनै कार्य गर्नु अघि, सधैँ त्यसको प्रभाव बारे बुझ्नुहोस् : मेरो कार्यबाट कसलाई असर पर्छ ?

| नैतिक सिद्धान्त | उदाहरण |
|---|---|
| १. सत्यनिष्ठा (Integrity) | उदाहरण : तपाईंले भुइँमा कसैको मनपर्ने खेलौना भेट्टाउनुभयो । त्यो खेलौना नदेख्नेगरी लुकाउनुको सट्टा, मालिकलाई फिर्ता दिनुहोस् वा जसको हो उसलाई बुझाउनुहोस् । |
| २. सहमति (Consent) | उदाहरण : तपाईं आफ्नो साथीको सामान प्रयोग गर्न चाहनुहुन्छ । प्रयोग गर्नुअघि, "के म यो प्रयोग गर्न सक्छु ?" भनेर सोध्नुहोस् । अनुमति नलिई अरूको कुरा प्रयोग गर्नु हुँदैन । |



शिक्षक विकास
(Teacher Bikash)

"नैतिकता तपाईंको मार्गदर्शक शक्ति जस्तै हो । नियमहरू तपाईंलाई दिइन्छन्, तर नैतिकता तपाईंले आफ्ना मूल्यमान्यताहरूको आधारमा छान्नुहुन्छ । तपाईंले दैनिक जीवनमा जति धेरै सचेत रूपमा आफ्नो नैतिकता प्रयोग गर्नुहुन्छ, तपाईंको नैतिक निर्णय अनलाइनमा उति नै बलियो हुन्छ ।"

# डिजिटल नैतिकता : सम्मान, सहमति र हेरचाह

तपाईंको डिजिटल कार्यहरू तपाईंका मूल्यमान्यताहरूको प्रतीक हुन् । डिजिटल नैतिकताको पालना गर्दा तपाईंको सहभागिता जिम्मेवार र रचनात्मक छ भन्ने सुनिश्चित हुन्छ ।

- **सहमति नै कानुन हो :** कसैको तस्बिर, भिडियो, वा निजी सन्देश उनीहरूको स्पष्ट सहमति बिना कहिल्यै पोस्ट वा शेयर नगर्नुहोस् ।
- **श्रेय दिनुहोस् :** मौलिक स्रष्टालाई उचित जस नदिई सामग्री, सङ्गीत वा त्यो कामको नक्कल नगर्नुहोस् ।
- **प्रमाणित गर्नुहोस्, नफैलाउनुहोस् :** घृणा, उत्पीडन, वा अप्रमाणित समाचार/अफवाह पोस्ट वा forward नगर्नुहोस् ।
- **गोपनीयताको सुरक्षा गर्नुहोस् :** आफ्नो डेटा सुरक्षित गर्नुहोस् र अरूको खाता वा निजी फाइलहरूमा पहुँच गर्ने प्रयास कहिल्यै नगर्नुहोस् ।

## साइबर कानुनहरू — नैतिकता लागु (कानुनी सुरक्षा)

नैतिकता समाजका लागि महत्त्वपूर्ण हुँदा र यसको पालनाका लागि कानुनहरु बन्छन् । यी कानुनहरूले तपाईंको सुरक्षा कवचको रूपमा कार्य गर्छन्, डिजिटल ठाउँहरू सुरक्षित र व्यवस्थित छन् भनी सुनिश्चित गर्छन् :

- **विद्युतीय कारोबार ऐन (ETA 2008) :** यो प्राथमिक कानुनले नागरिकहरूलाई दुर्व्यवहार, ठगी, ह्याकिङ, र अश्लील वा झूटा सामग्री प्रकाशन जस्ता साइबर अपराधहरूबाट जोगाउँछ ।
- **गोपनीयता सम्बन्धी ऐन (२०१८) :** यसले तपाईंको व्यक्तिगत डेटा : फोटो, भिडियो, सन्देश र बायोमेट्रिक्स नियन्त्रण गर्ने तपाईंको अधिकारको रक्षा गर्छ, र तिनीहरू तपाईंको स्पष्ट सहमति बिना पोस्ट, शेयर, वा बेच्न सकिँदैन भन्ने सुनिश्चित गर्छ ।
- **प्रतिलिपि अधिकार ऐन (२०५९/२००२) :** यसले सिर्जनाकर्ताहरूको बौद्धिक सम्पत्ति अधिकारको रक्षा गर्छ । गीत, फिल्म, वा कोडको टुक्राको मौलिक लेखकलाई कानुनी रूपमा मान्यता दिइएको सुनिश्चित गर्दछ ।

**थप सामग्री:** 👉 ETA को कानुनी प्रावधानको उदाहरण



इन्स्पेक्टर सीता
(Inspector Sita)

"डिजिटल नैतिकता **सुझावहरू होइनन्, तिनीहरू कानुनी दायित्वहरू** हुन् । Deepfakes पोस्ट गर्नु, घृणा फैलाउनु वा चोर्न वा धोका दिन एआई प्रयोग गर्नु नेपाली कानुन अन्तर्गत गम्भीर, दण्डनीय कार्यहरू हुन् । हरेक डिजिटल कार्यले एउटा **पदचिह्न** छोड्छ र त्यो पदचिह्नलाई प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ ।"

## मानव स्वायत्तता र दिगो एआई

**स्वायत्तता (Autonomy)** भनेको तपाईंको जीवनमा कुनै पनि कुराबारे तपाई आफैँले स्वतन्त्र रूपमा फैसला वा छनोटहरू गर्ने क्षमता वा अधिकार हो ।

एआईले पनि गणना गर्न, पूर्वानुमान गर्न र सिफारिस गर्न सक्छ, एक तरिकामा यसलाई पनि स्वायत्तता दिन सकिन्छ, तर हामीलाई थाहा छ कि मानवले मात्रै कुनै चिज महसुस गर्न, सहानुभूति राख्न र नैतिक रूपमा न्याय गर्न सक्छन् । तसर्थ: एआई र मानवमा सधैँ ठोस वा कसैको जीवनमा असर गर्न सक्ने निर्णय गर्ने कुरामा मानवको नै स्वायत्तता हुन पर्दछ ।

| एआईले मानव नियन्त्रणविना के निर्णय गर्न सक्छ ? | कुन एआई कार्यमा मानवले नियन्त्रण कायम राख्नुपर्छ ?(Autonomy) |
| --- | --- |
| नयाँ चलचित्रहरूको सिफारिस गर्ने । | **चिकित्सा निदान वा उपचार सम्बन्धित निकायमा जाने** (किनभने यसले जीवन र स्वास्थ्यलाई असर गर्छ) । |

| | |
|---|---|
| तपाईंका लागि कुन प्लेलिस्ट सिर्जना गर्ने । | **कसले विश्वविद्यालय छात्रवृत्ति वा जागिर पाउँछ** (किनभने यसले भविष्य र गरिमालाई असर गर्छ) । |
| ड्राइभिङको लागि कुन बाटो सिफारिस गर्ने । | **सजाय, कानुनी फैसला, वा सैन्य कारबाही** (किनभने यसले स्वतन्त्रता र सुरक्षालाई असर गर्छ) । |

## दिगो एआई (Sustainable AI) : हाम्रो पृथ्वीको हेरचाह

जिम्मेवार एआईले हाम्रो वातावरण र पृथ्वीको पनि ख्याल राख्छ । ठूला एआई कार्यक्रमहरू चलाउन र तिनीहरूलाई तालिम (Training) दिन, धेरै बिजुली (Energy) चाहिन्छ । प्रविधि (Technology) प्रयोग गर्दा हामी नैतिक (Ethical) हुनुपर्छ र यसको वातावरणमा पर्ने असर (Environmental Footprint) लाई कम गर्नुपर्छ ।

**१. 🤔 अनावश्यक प्रश्नहरू सोध्न किन हुँदैन ? (क्वेरीहरू सीमित गर्नुहोस्)**

तपाईंले च्याटबोट (Chatbot) लाई एउटा जटिल प्रश्न सोध्दा वा एउटा नयाँ तस्बिर (Image) बनाउन लगाउँदा, त्यसले धेरै ऊर्जा खपत गर्छ ।

- किन : एआईलाई काम गर्नको लागि ठूला-ठूला कम्प्युटर सर्भर (Server) चाहिन्छ । तपाईंको प्रश्नको जवाफ खोज्न वा तस्बिर बनाउनका लागि ती कम्प्युटरहरूले धेरै गणना (Calculation) गर्नुपर्छ ।
- कसरी ऊर्जा खपत हुन्छ : यो गणना गर्नका लागि तिनीहरूले धेरै बिजुली (Electricity) को प्रयोग गर्छन् । यो बिजुली प्रायः कोइला वा अन्य इन्धन (Fossil Fuels) बालेर बनाइन्छ, जसले वातावरणमा प्रदूषण (Pollution) गराउँछ ।
- उदाहरण : एउटा एआईलाई एउटा मात्र पनि जटिल प्रश्न सोध्दा (वा एउटा तस्बिर बनाउँदा)

को ऊर्जा खपत ५०-वाटको सानो बल्बलाई आधा घण्टा वा त्योभन्दा धेरै बाल्न प्रयोग हुने बिजुली बराबर हुन सक्छ । त्यसैले, जबसम्म साँच्चै आवश्यक पर्दैन, एआईलाई अनावश्यक कामहरूमा नलगाऔँ ।

### २. 🗑️ डिजिटल सफाइ or डिजिटल डाटाको व्यवस्थापन (Digital Cleanup)

प्रयोग नगर्ने पुराना फाइलहरू (Files) र एपहरू (Apps) सधैँ आफ्नो फोन वा क्लाउड (Cloud) मा राखिरहनु हुँदैन ।

- किन महत्त्वपूर्ण : तपाईंले आफ्नो गुगल ड्राइभ (Google Drive) वा पुराना इमेलहरूमा हरेक फाइल भण्डारण (Store) गर्दा, त्यो फाइल विश्वभर फैलिएका विशाल डेटा सेन्टर (Data Center) मा रहेका सर्भरहरूमा राखिएको हुन्छ ।
- कसरी मद्दत हुन्छ : ती सर्भरहरूलाई २४ सै घण्टा चलाउन र धेरै तातो हुनबाट बचाउन चिसो (Cooling) राख्नका लागि निरन्तर बिजुली चाहिन्छ । तपाईंले पुराना फाइलहरू मेटाउँदा, ती सर्भरहरूलाई चलाउन आवश्यक पर्ने विश्वव्यापी ऊर्जाको माग (Energy Demand) कम हुन्छ ।

### ३. 🔌 राम्रा उपकरणहरू प्रयोग गर्नुहोस्

उपकरण (Device) किन्दा वा प्रयोग गर्दा त्यसको ऊर्जा दक्षता (Energy Efficiency) मा ध्यान दिऔँ ।

- किन महत्त्वपूर्ण : एआईका कामहरू (जस्तै: इमेज जेनेरेट गर्ने वा ठूला फाइल प्रोसेस गर्ने) गर्दा उपकरणले धेरै ऊर्जा खपत गर्छन्। कुशल (Efficient) उपकरणले कम बिजुली प्रयोग गरेर वातावरणमा कम कार्बन उत्सर्जन गर्न मद्दत गर्छन् ।
- कसरी मद्दत हुन्छ : नयाँ एआई सुविधाहरू प्रयोग गर्न सधैँ नयाँ उपकरण नै किन्नुपर्छ भन्ने छैन। आफ्ना उपकरणलाई अपडेट गर्ने र जतन गरेर लामो समयसम्म चलाउने गरौँ। नयाँ मेसिन बनाउन खर्च हुने प्राकृतिक स्रोत र ऊर्जा जोगाउनु नै 'दिगो एआई' को मुख्य लक्ष्य हो ।



सचेत प्रयोगकर्ता गीता
(Mindful User Gita)

"एआईसँग नैतिक हुनु भनेको पृथ्वीको ख्याल गर्नु पनि हो। मैले सिकें कि पुराना इमेल र फाइलहरू मेट्दा तिनीहरू भण्डारण गर्न लाग्ने ऊर्जा बचत हुन्छ। कम डिजिटल फोहोर, - कम ऊर्जा खर्च - विवेक धेरै।"

## समीक्षा र मुख्य सारांश (Reflection & Key Takeaways)

| अवधारणा (Concept) | पाठ (Lesson) |
|---|---|
| **पूर्वाग्रह (Bias)** | अपूर्ण वा पुरानो डेटाका कारण हुने अनुचित प्राथमिकता । |
| **एल्गोरिदम पूर्वाग्रह** | जब एआईले मानव अनुचितता दोहोर्याउँछ । |
| **जिम्मेवार एआई** | निष्पक्ष, पारदर्शी, समावेशी, र जवाफदेही एआई निर्माण गर्ने । |
| **मानव स्वायत्तता** | अन्तिम, नैतिक निर्णय सधैँ मानवसँग रहनुपर्छ । |
| **डिजिटल नागरिकको भूमिका** | पूर्वाग्रह चिन्ने, रिपोर्ट गर्ने र प्रतिरोध गर्ने । एआईलाई नैतिक र दिगो रूपमा मार्गदर्शन गर्ने । |